# सामान्यतया बिल गरिने रकम 2022

यदि तपाईंले BJC वित्तीय सहायता नीति (FAP) अन्तर्गत सहायता प्राप्त गर्नुभएको छ भने, अस्पतालले तपाईंलाई सोही सेवाहरू कभर गर्ने बिमा गरेका व्यक्तिहरूलाई सामान्यतया बिल गरिने रकम (AGB) भन्दा बढी शुल्क लिन मिल्दैन। सबै छुटहरू (FAP अन्तर्गत उपलब्ध छुटहरू लगायत) र बिमा भुक्तानीहरू लागू गरिइसकेपछि, आर्थिक सहायताका लागि योग्य बिरामीलाई निजले आफ्नो तर्फबाट भुक्तानी गर्नुपर्ने रकमलाई मात्र "शुल्क तिराउने" बारेमा विचार गरिने छ।

BJC HealthCare ले अस्पतालको कूल शुल्कलाई "AGB प्रतिशत" भनिने कुल शुल्कको एक वा बढी प्रतिशतले गुणन गरेर AGB निर्धारण गर्छ। AGB प्रतिशतलाई गत 12-महिने अवधिमा स्वास्थ्य बिमकहरूले अनुमति दिएका अस्पतालका सबै दाबीहरूको पूर्ण रकमलाई ती दाबीहरूका लागि सम्बन्धित कुल शुल्कको योगफलले विभाजन गरेर वार्षिक रूपमा गणना गरिन्छ। यी प्रयोजनहरूका लागि, स्वास्थ्य बिमकले अनुमति दिएको पूर्ण रकममा बिमकद्वारा प्रतिपूर्ति गरिने रकम र सह-भुक्तानी, सह-बिमा वा कटौतीयोग्य रकमको रूपमा व्यक्तिले आफ्नो तर्फबाट बेहोर्नुपर्ने रकम (यदि छ भने) पर्दछन्। प्रत्येक अस्पतालका लागि वार्षिक रूपमा AGB गणना गरिन्छ।

आर्थिक सहायताका लागि योग्यता स्वीकृत भइसकेपछि, अस्पतालले वित्तीय सहायता आय र छुट तालिकामा वर्णन गरिएको प्रचलित आर्थिक सहायता छुट लागू गर्ने छ। तपाईंले भुक्तानी गर्नुपर्ने कुनै पनि बक्यौता मौज्दात AGB प्रतिशत भन्दा कम रहेको सुनिश्चित गर्न सोको समीक्षा गरिने छ। यदि बक्यौता रकम AGB स्वीकार्य रकमभन्दा बढी छ भने, यसलाई AGB प्रतिशतमा घटाउनका लागि मौज्दातमा अतिरिक्त छुट लागू गरिने छ।

प्रत्येक BJC HealthCare अस्पतालका लागि AGB प्रतिशत तल दिइएको छ। यदि तपाईंसँग AGB गणनाको बारेमा प्रश्नहरू छन् भने, कृपया 314.362.8400 वा 855.362.8400 मा फोन गर्नुहोस्।

| अस्पतालको नाम | सामान्यतया बिल गरिने रकमको प्रतिशत (AGB) |
|---|---|
| Alton Memorial Hospital | 20.8% |
| Barnes-Jewish Hospital | 29.3% |
| Barnes-Jewish St. Peters Hospital | 26.2% |
| Barnes-Jewish West County Hospital | 27.0% |
| Christian Hospital | 23.2% |
| Memorial Hospital | 29.0% |
| Missouri Baptist Medical Center | 29.5% |
| Missouri Baptist Sullivan Hospital | 30.5% |
| Parkland Health Center | 27.1% |
| Progress West Hospital | 30.6% |
| St. Louis Children’s Hospital | 44.9% |

BJC HealthCare

CS_892250_3/31/23